**लक्ष्य हस्पिटालिटी एण्ड टुरिजम लिमिटेडको**
**चौथो वार्षिक साधारणसभा सम्बन्धी सूचना**
**प्रकाशित मिति : २०८२/०८/११**

यस कम्पनीको मिति २०८२/०८/०५ गते शुक्रबार बसेको सञ्चालक समितिको ४३औं बैठकको निर्णय अनुसार कम्पनीको चौथो वार्षिक साधारणसभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि २०८२/०९/१२ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**

मिति : २०८२ साल पुस १२ गते, शनिबार (तदनुसार २७ डिसेम्बर २०२५)
स्थान : ललितपुर पार्टी प्यालेस, सातदोबाटो, ललितपुर
समय : बिहान ८:०० बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु**

(१) आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रस्तुत र प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
(२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३२, २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।
(३) आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(४) संचालक समितिको निर्वाचन र पद हस्तान्तरण गर्ने सम्बन्धमा ।
(५) विविध ।

**साधारणसभा सम्बन्धी सामान्य जानकारी**

१. २०८२ पुस ४ गते कम्पनीको शेयरधनी किताब बन्द (बुक क्लोज) गरिने हुँदा सो मिति सम्म कायम रहेका शेयरधनीहरु मात्र साधारणसभामा उपस्थितिका लागि योग्य हुनेछन् ।

२. प्रोक्सी दिन चाहने शेयरधनी महानुभावहरुले कम्पनीको वेवसाईट www.lakshyashare.com मा कम्पनीले शेयरधनीहरुलाई उपलब्ध गराएको १३ अंकको आवेदन नम्बरबाट प्रोक्सी फारम डाउनलोड गरेर सम्पूर्ण सूचनाहरु भरी contact@lakshyashare.com/secretary@lakshyaholdings.com मा इमेल गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ। कुनै कारणबश कुनै शेयरधनीले प्रोक्सी दिई आफै उपस्थित भएमा निजको प्रोक्सी रद्द हुनेछ।

३. एक भन्दा बढी व्यक्तिहरुको नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

४. कुनै शेयरधनी महानुभावले छदफलका विषयहरु मध्ये विविध शिर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी प्रचलित कानुन अनुसार सचिव/कर्मचारी मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारणसभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ । साधारणसभामा कुनै थप प्रस्ताव तत्काल आएमा साधारण सभाको दुई तिहाईले प्रस्तावमा छलफल गर्न अनुमति दिएमा मात्र प्रस्तावमा छलफल हुन सक्नेछ ।

५. सभामा भाग लिने र मतदान गर्ने व्यक्तिः एउटै हुनु पर्नेछ। प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले मत दिन पाउनेछ ।

६. साधारणसभा सम्बन्धी थप अन्य जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय, सातदोबाटो, ललितपुरबाट प्राप्त गर्न सकिनेछ ।

७. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव, लक्ष्य हस्पिटालिटी एण्ड टुरिजम लिमिटेड**
**ललितपुर म.न.पा. वडा नं. १५, सातदोबाटो, ललितपुर, फोन ५४०२७७७**
**Email: contact@lakshyashare.com, URL: www.lakshyashare.com**